४५औं बैठक

आज मिति २०७६।१२।१७ गते सामेबारका दिन बैतेश्वर गाउँकार्यपालिकाको बैठक गाउँकार्यपालिकाका अध्यक्ष छवि लामाज्यूको अध्यक्षतामा बैतेश्वर गाउँपालिकाको कार्यालय पाडुडाँडामा देहायका पदाधिकारीहरुको उपस्थितिमा वसी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति:

| सि.नं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री छवि लामा | अध्यक्ष | |
| २ | श्री रविचन्द्र आचार्य | उपाध्यक्ष | |
| ३ | श्री बृर्ष बहादुर तामाङ | सदस्य | |
| ४ | श्री श्याम कुमार तमाङ घिसिङ | सदस्य | |
| ५ | श्री कृष्ण बहादुर दहाल | सदस्य | |
| ६ | श्री कुमार चौलागाई | सदस्य | |
| ७ | श्री माधव बहादुर वस्नेत | सदस्य | |
| ८ | श्री शम्शेर घिसिङ | सदस्य | |
| ९ | श्री रेशम राजस्वराज रिमाल | सदस्य | |
| १० | श्री रमेश कुमार अधिकारी | सदस्य | |
| ११ | श्री ठुलीकान्छी विश्वकर्मा | महिला सदस्य | |
| १२ | श्री चेसम तमाङ | महिला सदस्य | |
| १३ | श्री शान्ति तमाङ | महिला सदस्य | |
| १४ | श्री मान कुमारी रिमाल | महिला सदस्य | |
| १५ | श्री ढाल बहादुर जिरेल | अल्पसङ्ख्यक सदस्य | |
| १६ | श्री राजन नेपाली | दलित सदस्य | |
| १७ | श्री शालिकराम फुँयाल | सदस्य सचिव | |

निर्णय नं.(१) गृहमन्त्रालयको मिति २०७६।१२।१६ को निर्णयहरुको प्रेस विज्ञप्तीमा उल्लेख भएका निर्णयहरुका सम्बन्धमा निम्न अनुसार निर्णय गरि कार्यान्वयन गर्ने निर्णय गरियो।

तपसिल

१) बैतेश्वर गाउँपालिका भित्र खाद्यान्न तथा अति आवश्यक सामानको आपूर्तिको व्यवस्थापन गाउँपालिका बाट गर्ने।

२) गाउँपालिका स्थितका बजार, बिक्रि स्थल हरुमा बिक्रि गर्ने र खरिद गर्ने व्यक्ति हरुलाई न्यूनतम १।१ मिटरको फरकमा बस्न सम्बन्धित वडा कार्यालय बाट प्रचार प्रसारको व्यवस्थापन गर्ने।

३) आपूर्ति व्यवस्थापनलाई सहज बनाउन वडा स्तरिय आपूर्ति समिति गठन गर्ने।

४) रोजगारीको अभावमा गुजरा चलाउन नसक्ने व्यक्ति हरुको लगत वडा स्तरिय समितिले २०७६।१२।२१ गते सम्म संकलन गर्ने।

५) बिक्रेताले बिक्री गर्दा न्यूनतम दैनिक उपभोग्य वस्तुहरु रहने गरि combo package को व्यवस्थापन वडा स्तरबाट मिलाउने।

६) हालको अवस्थामा रोजगारीको अभावमा गुजरा चलाउन नसक्ने व्यक्तिहरु लाई वडा स्तरिय समितिले सहयोग स्वरुप न्यूनतम दैनिक उपभोग्य वस्तुको packge तयार गर्ने, packge बनाउदा ४ जना सम्म सदस्य भएको परिवार र ४ जना भन्दा बढि सदस्य भएको परिवारलाई पुग्ने गरि २ — प्रकारको बनाउने।

७) कुनै निकाय/संघ/संस्था/व्यक्तिले सहायता दिन चाहेमा बैतेश्वर गाउँपालिकाको मापदण्ड अनुसारको सहयोग सामाग्रीहरु भएमा स्वीकार गरि वडा स्तरिय समिति मार्फत वितरण गरिने र यस विषयको जानकारी जिल्ला प्रशासन कार्यालय, दोलखा चरिकोटमा पठाउने।

८) सहायताको नाममा कसैले चन्दा उठाउन, आफुखुसी सहायता वितरण गर्न नदिने।

९) package सहायतामा दोहोरोपना हुन नदिने।

निर्णय नं. (२) covid-19 (कोरोना भाइरस) बाट सुरक्षित रहन विभिन्न संचार माध्यम बाट प्रचार प्रसार भै रहेको छ। बैतेश्वर बासीमा थप सचेतनाको सहयोगको निमित्त सक्रिय प्रचार प्रसार का सूचना संदेशहरु माइकिङ द्वारा प्रचार प्रसार गरिदिन पहुँच परियोजना लाई निर्देशन दिने निर्णय गरियो।

निर्णय नं. (३) covid-19 कोरोना भाइरस बाट सुरक्षित रहन वडा स्तरमा क्वारेन्टाइन निर्माण गर्ने, सुरक्षित वा संक्रमित पहिचान को स्थितिलाई, सहजता दिलाउने, कथंकदाचित प्रभावित व्यक्ति, पहिचान भएमा, उद्धार, गर्ने कार्यहरुमा आवश्यकताको निमित्त रु. ५०,००० सम्मको कोष स्थापना गर्ने निर्णय गरियो।

निर्णय नं. (४) बैतेश्वर गाउँपालिकाको अभिभावक कक्षा संचालन निर्देशिका २०७५ कार्यविधि २०७६ पहिलो संसोधन स्वीकृत भएको निर्णय गरियो।